**श्री**

**राजश्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ११४

पुनरावेदन नं. ०७५-RB-००८३

काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका वडा नं.११ स्थित युनाइटेड डिष्ट्रिव्यूर्टस प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त प्रमुख लेखा अधिकृत हरि कुमार श्रेष्ठ ------------------------------------------------------------------------१ } पुनरावेदक पक्ष

विरुद्ध

भन्सार विभाग,त्रिपुरेश्वर काठमाडौ ---------------------------------------------१
श्री महानिर्देशक, भन्सार विभाग,त्रिपुरेश्वर काठमाडौ ----------------------------१
भन्सार कार्यालय,विरगंज-----------------------------------------------------१ } विपक्षी प्रत्यर्थी

**मुद्दाः भन्सार वर्गिकरण।**

शुरु निर्णय गर्ने कार्यालयः महानिर्देशक,भन्सार विभाग,त्रिपुरेश्वर,काठमाडौ।

शुरु निर्णय मिति : २०७५।०३।२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री रमन कुमार कर्ण

प्रत्यर्थी कार्यालयको तर्फबाटः विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुनेको निर्णय उपर राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(१) तथा भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिरण क्षेत्राधिकार भित्र दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. पैठारीकर्ता युनाइटेड डिष्ट्रिव्यूर्टस प्रा.लि.ले वीरगंज भन्सार कार्यालयको प्रज्ञापनपत्र मार्फत **Kellogg's Breakfast Cereals Chocos** पैठारी गरेको भन्ने देखिएको ।

२. पैठारीकर्ताले पैठारी गरेको **Kellogg's Breakfast Cereals Chocos** को मालवस्तु वर्गिकरण सम्बन्धमा सबै भन्सार कार्यालयलाई मिति २०६७/१०/११ मा महानिर्देशकबाट भन्सार उपशिर्षक तोकी सकिएको र सोही आधारमा १८०६.९०.०० अन्तर्गत वर्गिकरण गरि निर्देशन दिने भनि मिति २०७५/०३/२५ मा भएको निर्णय ।

३. पैठारीकर्ताले धरौटी जाँचपास गराउदै आइरहेको उक्त वस्तु पैठारीको क्रममा मिति २०७५/०४/११ मा पुनः धरौटीमा जाँचपास गरि पाँउ भनि निवेदन गरेको।

४. मिति २०७५/०४/११ मा पैठारीकर्ताले पुनः धरौटी जाँचपास उपर निवेदनका सन्दर्भमा भंसार कार्यालय, वीरगंजले विभागबाट नै स्पष्ट रुपमा १८०६.९०.०० बाट वर्गिकरण गर्ने भनि निर्णय भै सकेको भनि मिति २०७५/४/१४ मा गरेको तोक आदेश।

५. पैठारीकर्ताले विरगंज भन्सार कार्यालयबाट पैठारी गरेको सामानको नाम **Chocos** मा ६ प्रतिशत भन्दा कम **Cocoa** मिश्रित भएकोले उपशिर्षक १९०४.१०.०० बाट भन्सार वर्गिकरण हुनुपर्ने भनि दावी गरेकोमा भन्सार कार्यालयले भन्सार उपशिर्षक १८०६.९०.०० बाट हुने भन्सार महसूल दरबन्दी आ.ब.०६६/०६७ हार्मोनाइज्ड प्रणाली २००७ संस्करणमा आधारित भनि नेपाल सरकार भन्सार विभागबाट प्रकाशित पुस्तकको भाग १८ मा कोको र कोकोबाट बनेको पदार्थ उपशिर्षक १८०६.९०.०० अन्तगर्त पर्ने भाग १९ को द्रष्टव्य नं.३ मा ६ प्रतिशत कोको भएको वा पूर्ण रुपमा चकलेटका परिकारहरु शिर्षक १८०६ मा पर्ने भनि उल्लेख भएका परिकारहरु शिर्षक १९०४ अन्तर्गत नपर्ने भनि मिति २०७५/०३/२५ को वर्गिकरण परिपत्र लगायतका निर्णयहरु समेत बदर गरि पाउँ भन्ने वेहोराको मिति २०७५/०६/०१ को पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०५/०४ मा भएको आदेश।

७. पुनरावेदन नं.९७-०६७-००२५४ को भन्सार वर्गिकरण र निर्धारण मुद्दामा मिति २०६८/०८/१५ मा भएको फैसला उपर सम्मानित सर्वोच्च अदालतमा निवेदन परे वा नपरेको सम्बन्धमा जवाफ मगाई पेश गर्नु भन्ने मिति २०७६/०७/१८ को आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री रमण कुमार कर्णले पैठारी भएको सामान **Kellogg's Breakfast Cereals Chocos** भन्सार दरबन्दी अनुसार १९०४.९० मा वर्गिकरण भएको अवस्था छ। भन्सार दरबन्दी शिर्षकको भाग १९ को ३ मा तौलमा ६ प्रतिशत भन्दा बढी छ भने भन्सार शिर्षकको १८०६ मा पर्ने र ६ प्रतिशत भन्दा कम भए १९०४ मा पर्छ भनि भन्सार वर्गिकरणमा उल्लेख छ।भन्सार दरबन्दी शिर्षकको १८०६ मा चक्लेट र अरु कोको मिसिएको खाद्य पर्दाथ जसमा चक्लेट मिसिएको भए सोही शिर्षकमा पर्ने तर पैठारी

गरि ल्याएको सामान सो प्रकृतिका खाद्य पर्दाथ नमिसिएको तौलमा पनि ६ प्रतिशतभन्दा कम हुदाँ भन्सार दरबन्दी शिर्षकको १९०४ अन्तर्गत नै हुनुपर्ने हो। सो सम्बन्धमा पनि राजस्व न्यायाधिकरणबाट समेत २०६७ सालमा भएको फैसलाबाट समेत भंसार वर्गिकरण र निर्धारणका सम्बन्धमा उल्लेखित भएको हुदाँ शूरु कार्यालयबाट भएको निर्णय कानुन विपरित भएकोले बदर हुनुपर्छ भनि बहस प्रस्तुत गर्नुभयो।

९. प्रत्यर्थी भन्सार कार्यालय, विरगंज तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदक युनाइटेड डिष्ट्रिव्यूटर्स प्रा.लि ले पैठारी गरेको वस्तु **Kellogg's Breakfast Cereals Chocos** भन्सार महसुल दरबन्दी अनुसार १९०४.९० मा वर्गिकरण गरि प्रज्ञापनपत्र पेश गरेको पाइयो। उक्त आयत गरेको सामान भंसार दरबन्दी शिर्षकको १८०६.९० अनुसार नै वर्गिकरण हुने वस्तुलाई १९०४.९० भनि आयात गरेकोमा सो सम्बन्धमा भंसार विभागले मिति २०७५।३।२५ मा **Kellogg's Breakfast Cereals Chocos** १९०४ अन्तर्गत नभई १८०६ मा वर्गिकरण भएको भनि परिपत्र गरेको अवस्था छ।उक्त बस्तु १८०६.९० बमोजिम भंसार महसूल तिर्नुपर्ने अवस्थामा भंसार विभागले पटक/पटक निर्देशन दिएको ,महानिर्देशक,विरगंज भंसार कार्यालयबाट भएको निर्णय र सो तथ्यको सन्दर्भमा राजस्व न्यायाधिकरणले छुट्टै प्रकियामा भएको फैसलालाई लिएर प्रस्तुत गरेको जिकिर तथा कुनै नजिर समेत नभएको अवस्थामा शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

१०. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

११. अब निर्णय तर्फ विचार गर्दा पुनरावेदक युनाइटेड डिष्ट्रिव्यूर्टस प्रा.लि.ले आयात गरेको **Kelloggs Breakfast Chocos** नामक मालवस्तु भन्सार उपशिर्षक दरबन्दी १९०४.६० अन्तर्गत पैठारी गरि ल्याएकोमा प्रत्यर्थी भन्सार कार्यालय, विरगंजले उक्त पैठारी भएको वस्तु भन्सार दरबन्दी १८०६.९० अन्तर्गत पर्ने भनि भन्सार विभागबाट मिति २०६७।१०।११ मा सो सामान भन्सार दरबन्दी १८०६.९० अन्तर्गत वर्गिकरण गर्ने गरी भन्सार उपशिर्षक तोकिसकेको भन्ने देखाइ सोही उपशिर्षकबाट वर्गिकरण गर्न निर्देशन दिने भन्ने मिति २०७५।०३।२५ मा सबै भन्सार कार्यालयहरुलाई परिपत्र भए बमोजिम पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको मालवस्तु भन्सार शिर्षक १८०६.९० अन्तर्गत पर्ने भन्ने प्रत्यर्थी कार्यालयबाट भएको शुरु निर्णय उपर यस न्यायाधिकरण समक्ष पुनरावेदन परेको देखियो।अब पैठारीकर्ताले पैठारी गरेको सामान भन्सार महसुल दरबन्दी पुस्तकको भाग १९ मा उल्लेखित द्रष्टव्यको भाग ३ मा उल्लेखित तौलमा ६ % भन्दा बढी कोको भएको वा पूर्ण रुपमा चक्लेट कोटेड परिकारहरु वा कोको भएका शिर्षक १८०६ मा पर्ने अन्य परिकारहरु भन्सार दरबन्दी १९.०४ अन्तर्गत पर्दैनन् भन्ने उल्लेख भएको विवरण हेर्दा पुनरावेदकले पैठारी गरेको **kellogg's chocos** मा समिश्रण गरिएको पदार्थ (**Ingredient**) हेर्दा

**Cocoa Solids** ५.४ % भन्ने देखिन्छ। यसरी आयात गरिएको सामानमा समिश्रण भएको पदार्थ भनी सबैको जानकारीको लागि प्रष्टसंग सबैले देख्न बुझ्न सक्ने गरि **Cocoa Solids** को प्रतिशत र भन्सार दरबन्दीको द्रष्टव्यमा भन्सार दरबन्दी १९०४ अन्तर्गत पर्ने सामानको प्रतिशत फरक नपरेबाट प्रत्यर्थी कार्यालयबाट पुनरावेदक करदाताले पैठारी गरेको सामान भन्सार दरबन्दी १८०६ अन्तर्गत पर्ने भनि भएको निर्णय कानूनसम्मत मान्न मिलेन।

१२. यसको अलावा, यसै विषयवस्तुसंग सम्बन्धित पुनरावेदक मारुती ट्रेडिङ प्रा.लि. विरुद्ध भन्सार कार्यालय, पर्सा समेत भएको पुनरावेदन नं.९७-०६७-००२५४ भन्सार वर्गिकरण र निर्धारण विषयक मुद्दा राजस्व न्यायाधिकरण, काठमाडौ समक्ष दायर हुंदा यस न्यायाधिकरणबाट मिति २०६८।०८।१५ मा फैसला हुंदा पुनरावेदकले ल्याएको **Kellogg's Chocos** लाई भन्सार उपशिर्षक १८०६.९० अन्तर्गत पर्ने भनी भन्सार कार्यालय पर्साबाट भएको निर्णय नमिल्ने एंव उक्त निर्णय कानूनसम्मत नभएको भनी उल्टी फैसला भएको देखिन्छ।राजस्व न्यायाधिकरण, काठमाडौबाट मिति २०६८।०८।१५ मा भन्सार कार्यालय, पर्साबाट भएको शुरु निर्णय उल्टी हुँने गरी भएको उक्त फैसला उपर भन्सार कार्यालय पर्साले सम्मानित सर्वोच्च अदालत समक्ष मुद्दा नं.०६८-LE-०११८ को पुनरावलोकन गर्न निवेदन दायर गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदन अनुमती नै नदिने गरी मिति २०७१।०८।२६ मा निर्णय भएको समेत पाइयो। यसरी एक पटक निर्णय भइ सम्बोधन गरी निर्क्योल नै भैसकेको विषयमा विधायीकी कानूनमा कुनै फेरबदल नै नभएको वा वस्तु वर्गिकरणमा समेत कुनै परिवर्तन नभएको अवस्थामा भन्सार विभागले परिपत्र गरेको भन्ने आधार देखाइ अदालतबाट टुंगिसकेको फैसला प्रतिकुल हुँने गरि भन्सार कार्यालय, पर्साबाट भएको तोकादेश निर्णय न्यायिक मर्म, मान्यता र फैसला एकरुपताका सिद्वान्त समेतको विपरित हुँन जाने हुंदा त्यस्तो तोकादेश निर्णय स्वीकार्य हुँन सक्दैन।प्रस्तुत मुद्दामा भन्सार कार्यालय, पर्साले भन्सार विभागको परिपत्रलाई आधार मानी तोक आदेशको भरमा पैठारीकर्ता पुनरावेदकलाई अतिरिक्त आर्थिक भार बहन गर्न लगाएको अवस्था देखियो।एकपटक सम्मानित सर्वोच्च अदालतबाट टुंगो लागिसकेको विषयमा त्यस्तो टुंगो भएको भन्दा प्रतिकुल तोकादेश गरी पुनरावेदकलाई आर्थिक भार बहन गर्ने गराउने कार्यकारी निर्णय कानूनी शासनको मान्यता विपरित हुँन जाने हुंदा किमार्थ स्वीकार्य हुँन सक्दैन। अतएंवः शुरु निर्णय नै कायम होस् भन्ने विद्वान उपन्यायाधिवक्ताको जिकिरसंग सहमत हुँन सकिएन।

१३. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक युनाइटेड डिष्ट्रिव्यूर्टस प्रा.लि.ले **Kelloggs Breakfast Cereals Chocos** पैठारी गर्दा भन्सार वर्गिकरण संकेत नं.१८०६.९००० अन्तर्गत वर्गिकरण गर्ने गरि भन्सार विभागबाट मिति २०६७।१०।११ मा शिर्षक तोकिसकिएको भन्ने कारण देखाई सोही उपशिर्षकबाट वर्गिकरण गर्न निर्देशन दिने भन्ने भन्सार विभागको मिति २०७५।०३।२५ को निर्णयलाई आधार मानी विरगंज भन्सार कार्यालयबाट मिति

२०७५।०४।१४ मा भएको तोकादेश मिलेको नदेखिदाँ उल्टी हूने ठहर्छ।तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- माथी ठहर खण्डमा विरगंज भन्सार कार्यालयको निर्णय उल्टी हुने ठहरी फैसला भएकोले पुनरावेदक पैठारीकर्ताले भन्सार महसुल संकेत नं.१९०४ कायम गरि सो अनुसार हुन आउने भन्सार महसुल समेतको हिसाब गरि बढी दाखिला हुँन आएको भन्सार महसुल पुनरावेदकले कानूनको म्यादभित्र नियमानुसार फिर्ता पाउँ भनी निवेदन गरे केही दस्तुर नलिई दिनको लागि फैसलाको प्रतिलिपी समेत साथै राखी शुरु कार्यालयलाई लेखी पठाइदिनू.......................................................................................१
- फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई दिनू.......................................................................२
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू...........३
- फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू..................................................४

(किशोर सिलवाल)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(पुष्प प्रसाद गुरागाई)
लेखा सदस्य

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>

शाखा अधिकृतःसनिता लामा

इति सम्बत् २०७६ साल माघ १९ गते रोज १शुभम्-------------------------------।